धुनिबेंशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.स. : २०८१/०८२
च.नं : १०८८

मिति : २०८१/०८/११
ने.सं. ११४५ कछलागा मङ्गलवार

विद्यालय लेखापरीक्षणको लागि आशय पत्र पेस गर्ने सम्बन्धी सूचना !!

(प्रथम पटक प्रकाशित मिति २०८१ मंसिर ११ गते)

धुनिबेंशी नगरपालिका लेखा परीक्षक छनौट समितिको मिति २०८१/०८/११ को निर्णयानुसार धुनिबेंशी नगरपालिका अन्तरगत सञ्चालित विद्यालयहरुको आ.व. २०८०/०८१ को अन्तिम लेखा परीक्षणको लागि धुनिबेंशी नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि २०८१ को अधिनमा रही ईच्छुक व्यक्ति/संस्था/कम्पनी वा फर्मले सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र धुनिबेंशी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा तपसिल बमोजिम उल्लेखित कागजातसहित आशय पत्र पेस गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

१. लेखा परीक्षकको फर्म वा कम्पनी दर्ता र नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपि ।
२. आन्तरिक राजश्व कार्यालयबाट करदर्ता प्रमाणपत्र र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
४. लेखापरीक्षक वहालवाला कर्मचारी भए विभागीय स्वीकृति पत्रको प्रतिलिपि ।
५. भ्याट वा प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
६. नेपाल सरकारको कालो सूचीमा नरहेको स्वघोषणा पत्र ।
७. नगरपालिकाले तोक बमोजिमको दरखास्त दस्तुर ।

कर्ण बहादुर भुवाजी
शिक्षा निर्देशक